नेपाल सरकार
गृह मन्त्रालय

निर्णयहरु

१. वर्तमान मौसमसँगै सुख्खा मौसम, हावाहुरी, पूर्व मनसुन लगायतको प्रकोपहरुबाट हुने क्षति न्यूनीकरण गर्नको लागि सम्बन्धित सरकारी, गैरसरकारी निकाय, राष्ट्रिय युवा परिषद्, राष्ट्रिय खेलकुद परिषद्, नेपाल स्काउट लगायतले आफ्नो स्रोत साधन चालु अवस्थामा राखे र आवश्यक परेको अवस्थामा विना कुनै विलम्व परिचालित हुने संयन्त्रको निर्माण गर्ने ।

२. विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति २०७४ तथा विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना २०१७-२०३०को मस्यौदालाई विपद् जोखिम न्यूनीकरण राष्ट्रिय कार्यमञ्चको बैठकको राय सुझाव लिई स्वीकृतिका लागि नेपाल सरकार समक्ष पेश गर्ने । साथै उक्त नीति र रणनीतिक कार्ययोजनाका सम्बन्धमा आजको बैठकमा प्राप्त भएको राय सुझावहरुलाई समेत समावेश गर्ने ।

३. केन्द्रीय दैवी प्रकोप उद्दार कोषको नाम परिवर्तन गरी राष्ट्रिय विपद् व्यवस्थापन कोषमा परिवर्तन गर्ने । क्षेत्रीय दैवी प्रकोप उद्दार कोष खारेज गरी सातै प्रदेशहरुमा प्रदेश विपद् व्यवस्थापन कोष स्थापना गरी रकम निकासा गर्ने । जिल्ला दैवी प्रकोप उद्दार कोषको नाम परिवर्तन गरी जिल्ला विपद् व्यवस्थापन कोष नामाकरण गर्ने। विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा २३ अनुसार सबै स्थानीय तहमा विपद् व्यवस्थापन कोषको व्यवस्था गर्न संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत अनुरोध गर्ने ।

४. राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका कार्यकारी प्रमुख नियुक्त नभएसम्मका लागि निजबाट हुने कार्यहरु गृह मन्त्रालय विपद् व्यवस्थापन महाशाखाका सहसचिवबाट सम्पादन गर्ने गराउने व्यवस्था मिलाउन नेपाल सरकार मन्त्रिपरिषद समक्ष प्रस्ताव गर्ने निर्णय गरियो ।

५. प्रदेश सरकारहरुलाई आगामी दिनमा विपद् जन्य घटनाहरु रोकथाम खोज र उद्धार जस्ता विषयमा तदारुकताका साथ परिचालन गर्ने व्यवस्था मिलाउन सरकारी, गैर सरकारी र निजी क्षेत्रका सरोकारवाला निकायहरुलाई अनुरोध गर्ने ।

६. आगामी मनसुनमा हुनसक्ने सम्भावित क्षतिलाई न्यूनीकरण गर्न केन्द्र, प्रदेश, जिल्ला तथा स्थानीय तहमा मनसुन पूर्वतयारी प्रतिकार्य कार्ययोजना तयार पारी कार्यान्वयनमा ल्याउने ।

७. सबै मन्त्रालय, विभागहरु, सरोकारवाला निकायहरु तथा संघसंस्थाले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि मानवीय तथा भौतिक स्रोत साधनलाई ठिक दुरुस्त अवस्थामा राखी परिचालन गर्ने ।

८. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन,२०७४ बमोजिम प्रदेश विपद् व्यवस्थापन समिति, जिल्ला विपद् व्यवस्थापन समिति र स्थानीय विपद् व्यवस्थापन समितिहरुलाई प्राप्त काम कर्तव्य र अधिकार परिपालन गर्न गराउन सम्बन्धित कार्यालय/निकायलाई अनुरोध गर्ने ।

९. मिति २०७४।४।६ देखि हाल सम्म केन्द्रीय दैवी प्रकोप उद्दार कोषबाट हेलिकोप्टर भाडा वापत रु. २१८०८५९/- (एक्काईस लाख असी हजार आठ सय उनन्साठ्ठी) र जिल्ला दैवी प्रकोप उद्दार कोषमा भएको निकासा रु. १३,७३,४६,६०६।९० (अक्षेरुपी रु. तेह करोड त्रिहत्तर लाख छयालिस हजार छ सय छ पैसा नव्बे) समेत जम्मा रु१३,९५,२७,४६५/९९ (तेह करोड पन्चानब्बे लाख सत्ताईस हजार चार सय पैसठ्ठी रुपैया उनान्सय पैसा) अनुमोदन गर्ने।